दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ८० | बुटवल | २०८२ चैत ०६ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday March 20, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## लागुऔषध मुद्दाको चापः

# जेलमा राख्ने दण्डात्मक नीति फेर्न माग

### ५० वर्ष पुरानो ऐनलाई प्रतिस्थापन गरी विज्ञान र मानवअधिकारमा आधारित नयाँ ऐन तर्जुमा गर्नुपर्ने सरोकारवालाको माग छ ।










**टिआर शर्मा**
*बुटवल*

नेपालका जेलहरूमा हरेक पाँच कैदीमध्ये एक जना लागुऔषधसम्बन्धी मुद्दामा रहेको पाइएको छ । गृह मन्त्रालयको प्रतिवेदनअनुसार कुल लागुऔषध प्रयोगकर्तामध्ये ७५ प्रतिशतलाई कम्तीमा एक पटक प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेकामध्ये ३२ प्रतिशतलाई फौजदारी मुद्दा लगाइएको तथ्यांकले देखाउँछ।

गृहमन्त्रालयका अनुसार हरेक वर्ष लागुऔषधसम्बन्धी कसुरमा करिब ३ हजार फौजदारी मुद्दाहरू अदालतमा दायर हुने र करिब ४ हजार मानिस पक्राउ पर्ने गरेका छन्। सम्बन्धित क्षेत्रका जानकारहरुका अनुसार लागुऔषध प्रयोगकर्तालाई कारागारमा राख्दा प्रतिव्यक्ति करिब एक लाख ३० हजारका दरले राज्यको खर्च हुने गरेको छ।

हरेक वर्ष लागुऔषधसँग सम्बन्धित मुद्दामा कारागार चलान हुने व्यक्तिको बढ्दो संख्याले राज्यमाथि निकै ठूलो आर्थिक भार पनि थपिंदै गएको देखिन्छ । लागुऔषधसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६१, १९७१ र १९८८ तथा लागुऔषध (नियन्त्रण) ऐन, २०३३ ले समेत लागुऔषध प्रयोगलाई स्वास्थ्य समस्याको रुपमा मान्यता दिएको छ। र फौजदारी अपराध मान्दैन । तर प्रहरी प्रशासनबाट फौजदारी अपराधमा मुद्दा चलाउने परिपाटी छ।

फौजदारी मुद्दा लगाउने र जेलमा राख्ने रणनीतिले लागुऔषध समस्याको दीर्घकालीन समाधान नहुने सरोकारवालाको ठहर छ। बरु यसले राज्यको स्रोत-साधनको ठूलो हिस्सा खर्च गराउने मात्र होइन, नेपालको फौजदारी न्याय प्रणालीमाथि पनि अत्यधिक दबाब सिर्जना गरेको उनीहरुको तर्क छ। नेपालमा अधिकांश (७५ प्रतिशतभन्दा बढी) लागूऔषध प्रयोगकर्ताहरु १५ देखि २९ वर्ष उमेर समूहका किशोरकिशोरी र युवाहरु छन् ।

२०७६ को तथ्यांकअनुसार नेपालमा एक लाख २१ हजार ६९२ जना पुरुष र ८ हजार ७३२ जना महिला गरी एक लाख ३० हजार ४२४ जना लागु औषध प्रयोगकर्ता छन् । प्रदेशगत रुपमा लुम्बिनी प्रदेश तेस्रो धेरै लागुऔषध प्रयोगकर्ता भएको प्रदेश हो। यहाँ कूल प्रयोगकर्ताको १९ प्रतिशत छन् । सबैभन्दा धेरै बागमतिमा २५.६ प्रतिशत र कोशीमा २१.२ प्रतिशत लागुऔषध प्रयोगकर्ता छन् ।

यी प्रयोगकर्तामा हेपाटाइटिस, एचआइभी एड्स र यौन रोग संक्रमण जस्ता स्वास्थ्य समस्याहरुको जोखिम उच्च हुन्छ। युवा उमेरमै लागुऔषध प्रयोगकर्तालाई फौजदारी मुद्दा लगाउँदा उनीहरुको भविष्य र जीवन नै अन्धकारमा धकेलिएको छ। फौजदारी मुद्दा वा दण्डको सट्टा उनीहरुलाई लागुऔषध उपचार सेवाहरुमा पहुँच प्रदान गर्नाले उनीहरुलाई कुनै पनि फौजदारी रेकर्ड बिना आफ्नो जीवन पुनर्निर्माण गर्ने मौका दिने भएकाले यसतर्फ सम्बन्धित सरकारी निकायको गम्भीर ध्यानाकर्षण हुनुपर्ने लागुऔषध क्षेत्रमा काम गरिरहेको आस्था समूह बुटवलका अध्यक्ष केशव पुनमगर बताउँछन् ।

यो विकल्पले फौजदारी न्याय प्रणालीको बोझ र कारावासको लागत घटाउने पुनको तर्क छ। 'हिरासतमा रहेका लागूऔषध प्रयोगकर्ताहरुलाई चिकित्सकीय सहायता वा मौखिक प्रतिस्थापन उपचारमा पहुँचको अनुमति दिनुपर्छ।'-पुन भन्छन् ।

अध्यक्ष पुनका अनुसार लागुऔषध प्रयोग फौजदारी अपराध नभई एक स्वास्थ्य समस्या भएकाले लागुऔषध लामो समयसम्म प्रयोग गरेका व्यक्तिले लागुऔषध प्रयोग बन्द वा कम गर्दा प्रयोगकर्तामा शारीरिक र मानसिक रुपमा कमजोरी र पीडा हुने, हेरोइन वा अन्य अफिमजन्य लागुऔषध प्रयोग गर्न नपाउँदा निकै असहज र पीडा हुने मृत्युको पनि सम्भावना रहने पुनले बताए। तसर्थ, हिरासतमा रहेका लागुऔषध प्रयोगकर्ताहरुलाई चिकित्सकीय सहायता वा मौखिक प्रतिस्थापन उपचारमा पहुँचको अनुमति दिनु मानवीय हुने र यसले उनीहरुको जीवन बचाउने पुनको भनाइ छ ।

लागुऔषध प्रयोग छाडेर २० वर्षदेखि लागुऔषध प्रयोगकर्तालाई यसबाट छुटकारा दिलाउने अभियानमा क्रियाशील कुमार गुरुङले नेपालका धेरै अदालतका निर्णयहरु वा नजिरहरुले लागुऔषध प्रयोगकर्ताहरुलाई उपचार सेवामा पठाएको बताउँछन् । यद्यपि, अझै पनि लागुऔषध प्रयोगलाई अनैतिक र अपराधिक व्यवहारको रुपमा लिइने व्यक्तिगत धारणाहरुको कारण, धेरै अवस्थामा, लागुऔषध प्रयोगकर्ताहरुलाई फौजदारी मुद्दा चलाउन वा सजाय दिने गरिएको र यसले राज्यलाई ठूलो आर्थिक भार थपेको उनको तर्क छ।

लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १९ ले कसैले व्यापारिक उद्देश्य वा ठूलो परिमाणमा बाहेक निजी उपयोगको लागि थोरै मात्रामा गाँजा र औषधोपयोगी अफिम खरीद गरेको, राखेको वा सेवन गरेको फेला परेमा पहिलो पटक भए लगत राखी त्यस्तो अपराध पुनः नगर्ने कागज गराई मुद्दा नचलाउने पर्चा खडा गरी छाड्न सक्ने र मुद्दा चलेकोमा पनि अदालतले यस दफा बमोजिम सानो अपराध ठहराएमा त्यस्तो व्यक्तिको लगत राखी निजलाई सो अपराध पुनः नगर्ने कागज गराई कुनै सजाय नगरी रिहाई दिनसक्ने उल्लेख छ। दफा १९ क ले उपचारको अवस्थामा रहेकोमा कारबाही नहुने स्पष्ट उल्लेख गरेको छ।

गुरुङले ५० वर्ष पुरानो ऐनलाई प्रतिस्थापन गरी विज्ञान र मानवअधिकारमा आधारित नयाँ ऐन तर्जुमा गर्नुपर्ने औंल्याएका छन् । चिकित्सा केन्द्रलाई जरिवानाको केही रकम उपलब्ध गराउने (२० प्रतिशत) नीति वा कार्यविधि बनाइ कार्यान्वयन गर्ने र उपचार केन्द्रहरु देशभरि विस्तार र गुणस्तर बढाउन लगानी गर्नुपर्ने उनको माग छ।

ऐनको दफा १९ ले समेत जिल्लास्तरमा लागुऔषध नियन्त्रण अधिकारीको भूमिका सहायक प्रमुख जिल्ला अधिकारीको अख्तियारमा रहने निर्णय भएता पनि कार्यान्वयनमा नल्याएको गुरुङ बताउँछन्। त्यसैले, प्रयोगकर्ताहरुलाई ऐन र नीतिले व्यवस्था गरे बमोजिम अदालतको सट्टा सहायक प्रमुख जिल्ला प्रशासन अधिकारी समक्ष पेश गर्ने र उपचारमा पहुँच बढाउने र प्रवर्द्धन गर्नुपर्ने गुरुङको सुझाव छ।

नेपालको धेरै नीति निर्माताहरु, फौजदारी न्याय प्रणालीका अभिकर्ताहरु, नागरिक समाजबिच अझै पनि लागुऔषध प्रयोगकर्ताबारे पुरानो विचारहरु (खराब बानी वा नैतिक पतनका रुपमा हेर्ने) कायम रहेकोले यसमा परिवर्तन आउनुपर्ने आस्था समूहका कार्यक्रम संयोजक हिमाल गौचन बताउँछन् । तर पछिल्लो समय नीति निर्माताहरु, स्वास्थ्यकर्मीहरु, मिडियाकर्मी र जनसमुदायबिच लागुऔषध प्रयोगकर्ताहरु प्रतिको धारणा परिवर्तन भइरहेको गौचनले बताए।

**लागुऔषध प्रयोगकर्ताहरुलाई फौजदारी मुद्दा/दण्डको विकल्पहरू**

लागुऔषध (नियन्त्रण) ऐन, २०३३ र लागुऔषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ मा रहेको स्वास्थ्य र उपचारका प्रावधानहरुको आधारमा गृह मन्त्रालयले लागुऔषध प्रयोगकर्ताहरुलाई फौजदारी मुद्दा/दण्ड दिनुको विकल्पको रुपमा दुई प्रकारका उपचार पद्धतिहरु उपचार तथा पुनर्स्थापना केन्द्र र मौखिक प्रतिस्थापन उपचार पद्धति प्रस्तुत गरेको छ।

लागुऔषध उपचार तथा पुनर्स्थापना कार्यक्रम मदिरा र लागुऔषध प्रयोगकर्ताहरुको उपचारको लागि सबैभन्दा सामान्य र मानक उपचार पद्धति हो। यो कार्यक्रम ३ देखि ६ महिने आवसीय हुन्छ र मनोसामाजिक उपचार विधिहरुको उपयोगमा प्रभावकारी मानिन्छ । नेपालमा पहिलो लागुऔषध उपचार तथा पुनर्स्थापना केन्द्र सन् १९७६ मा सुरु भएको थियो। हाल नेपालमा, २५० भन्दा बढी उपचार केन्द्रहरु गृह मन्त्रालयसँग आबद्ध भइ सञ्चालित छन् । यी केन्द्रहरुको प्रभावकारी सञ्चालनका लागि गृह मन्त्रालयले "लागुऔषध प्रयोगकर्ताहरुको लागि उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५" जारी गरेको छ । मौखिक प्रतिस्थापन उपचार पद्धतिमा अफिमजन्य लागुऔषधमा निर्भरता (दुर्व्यसन) भएका लागुऔषध प्रयोगकर्ताहरुलाई चिकित्सकको सिफारिसमा उपयुक्त औषधिहरु आवश्यक मात्रा र समयको लागि दिइन्छ।

यसमा चिकित्सकीय पर्यवेक्षणको साथै वैज्ञानिक प्रमाणमा आधारित मनोसामाजिक र मानसिक स्वास्थ्यका कार्यक्रमहरुको सहयोगमा सञ्चालन हुन्छ । मौखिक प्रतिस्थापन उपचार पद्धतिलाई गैर-आवसीय उपचारमध्ये सबैभन्दा प्रभावकारी मानिन्छ। यस उपचार कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि गृह मन्त्रालयले "लागुऔषध मौखिक प्रतिस्थापन उपचार पद्धति कार्यसञ्चालन निर्देशिका, २०७०" जारी गरेको छ।

सन् २०२० मा एन एचआरसीले गरेको अध्ययनले यो उपचार पद्धति प्रयोगकर्ताहरुको मानसिक स्वास्थ्य र जीवनको गुणस्तरमा सुधार ल्याउन साथै अपराध न्यूनीकरणका लागि निकै प्रभावकारी पाइयो। सन् २०२५ सम्म, विश्वभरका ९५ देशहरुले मौखिक प्रतिस्थापन उपचार पद्धति सफलता पूर्वक सञ्चालन गरेका छन् ।

**माया र सम्मानजनक व्यवहार आवश्यक**

लागुऔषध प्रयोग (दुर्व्यसन) एक मानसिक स्वास्थ्य समस्या वा अवस्था भएकाले यसको उपचार सम्भव रहेको पूर्व प्रयोगकर्ता सुमन हितान बताउँछन्। 'लागुऔषध प्रयोगकर्ताहरु समाजका अरु मान्छे जस्तै कसैका लागि बुवा वा आमा, पति वा पत्नी, दाजुभाइ वा दिदीबहिनी हुन्। तसर्थ, माया र सम्मानका साथ व्यवहार गर्नुहोस्, किनभने लागुऔषध प्रयोगको समस्या जुनसुकै परिवारमा वा हाम्रा प्रियजनहरुलाई हुन सक्छ,' हितान भन्छन्-'घर परिवार र समाजको माया भयो भने प्रयोगकर्ताहरु समाजमा पुनस्थापित हुन सहज हुन्छ।'

विश्वभर लागुऔषध प्रयोग गर्ने मानिसहरूको संख्या उल्लेखनीय रूपमा बढ्दै गएको छ। सन् २०२२ मा झण्डै २९२ मिलियन अर्थात् प्रत्येक १८ जनामध्ये १ जनाले लागुऔषध प्रयोग गरेको तथ्यांक सार्वजनिक भएको छ। जुन एक दशकअघिको तुलनामा करिब २० प्रतिशतले बढी हो।

लागुऔषध प्रयोग गर्नेहरूमध्ये करिब १० देखि ११ प्रतिशत व्यक्तिमा 'ड्रग डिपेन्डेन्स' (लत) विकास हुने सम्भावना रहेको छ, जसका लागि उपचार तथा सहयोग आवश्यक हुन्छ। तर, उपचार आवश्यक पर्नेहरूमध्ये केवल ११ जनामध्ये १ जना (करिब ९ प्रतिशत) ले मात्र आवश्यक सेवा प्राप्त गरिरहेका छन्, जसले विश्वव्यापी स्वास्थ्य प्रणालीमा ठूलो खाडल देखाउँछ।

कानुनी पक्षबाट हेर्दा, लागुऔषध प्रयोग वा व्यक्तिगत प्रयोगका लागि राखिएको अवस्थालाई विश्वभर सबैभन्दा बढी गिरफ्तारी, मुद्दा चलाउने र सजाय दिने अपराधका रूपमा लिइन्छ । यसले प्रयोगकर्ताहरूलाई सुधारभन्दा बढी दण्डको चक्रमा फसाउने गरेको सरोकारवालाहरू बताउँछन् ।

सामाजिक रूपमा पनि लागुऔषध प्रयोग गर्ने व्यक्तिहरूले गम्भीर भेदभाव, कलंक र मानवअधिकार उल्लंघनको सामना गर्नुपरेको छ । उनीहरू प्रायः हिंसा, दुर्व्यवहार तथा स्वास्थ्य सेवामा सीमित पहुँचजस्ता समस्याबाट प्रभावित हुन्छन्, जुन सामान्य नागरिकको तुलनामा निकै उच्च स्तरमा रहेको पाइन्छ।

» *बाँकी ३ पेजमा*

# एक महिनामा एक करोड ८८ लाखको अवैध सामान नियन्त्रण, ९० जना पक्राउ



**मोहम्मद हबिब**
*भैरहवा*

जिल्ला प्रहरी कार्यालय रुपन्देही र मातहत कार्यालयहरुले एक महिनाकको अवधिमा भन्सार चोरी निकासी गरी भारतबाट नेपाल अवैध रुपमा ल्याउँदै गरेको झण्डै २ करोडको सामान बरामद गरेको छ । यस्तै अदालतबाट दोषी ठहर भएर कैद, जरिवाना वा दुवै सजाए तोकेर भुक्तान नगरेका फरार प्रतिवादी रहेका १२ जना र चालु मुद्दाका ७८ जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

रुपन्देहीको प्रहरी पछिल्लो समय तस्करहरुमा निर्मम बनेसँगै जिल्ला प्रहरी कार्यालय र मातहतका युनिटले १ करोड ८८ लाख १३ हजार ६९८ रुपैया बराबरको तस्करीका समान र तस्करीका लागि प्रयोग भएको साधन नियन्त्रणमा लिएको हो । सीमाबाट हुने अवैध कारोबारलाई रोक्न कडा रुपमा प्रस्तुत भएको नेपाल प्रहरीले छोटो अवधिमा भन्सार राजस्व दाखिला बढाएको छ । मौलाउँदै गरेको तस्करीलाई रोक्न एसपीको कमाण्डले सबै युनिट इञ्चार्जहरुलाई निर्देशन दिँदै दैनिक अवैध गतिविधि नियन्त्रणमा लागेका छन् । जिल्ला प्रहरी कार्यालयले दिएको सूचनाअनुसार एक महिनाको अवधिमा राजस्व चुहावट तथा भन्सार छली नियन्त्रणतर्फ १८ जनालाई पक्राउ गरिएको, ६० वटा मोटरसाइकल, ४ वटा छोटा हात्ती नियन्त्रणमा लिइ आवश्यक कारबाहीको लागि पठाइएको छ।

यो तथ्याङ्कले प्रहरीले तस्करी मात्र नभई तस्करीका लागि प्रयोग हुने साधन र तस्करी गर्ने व्यक्तिप्रति पनि निर्मम रहेको देखिन्छ । यसअघि बेवारिसे अवस्थामा समानहरु बरामद हुने गरेका थिए भने अहिले व्यक्तिसहित अवैध समानहरु बरामद भइरहेका छन् ।

यसका अलावा एक महिनाको दौरान अवैध रुपमा पशुपंक्षीको कारोबार तथा ओसारपसार गर्ने ३९ वटा मोटरसाइकलसहित १ हजार ३७ वटा कुखुरा नियन्त्रणमा लिई काराबाही गरिएको छ। जसको मूल्य ८ लाख ६५ हजार ८ सय रहेको छ।

फागुन महिनामा मात्रै १८ जनालाई नियन्त्रणमा लिइएको बताउँदै एसपी जनकबहादुर शाहीले तस्करको मनोबल गिराउन र सीमितले मात्रै फाइदा लिइरहेको पाएकोले तस्करीप्रति निर्मम बनेको हो, यसले राज्यलाई केही फाइदा पुग्ने बताए।

रुपन्देही प्रहरीले पछिल्लो समय अदालतको फैसला कार्यान्वयन गर्न फरार प्रतिवादी खोजी गर्ने काममा समेत आक्रमक रुपमा लागेको छ।

» *बाँकी ३ पेजमा*

## जनहितमा जारी सन्देश

डढेलोबाट जोगिऔं र जोगाऔं।

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, डढेलोबाट जोगिन।
- जथाभावी रूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, विडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं।

**वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं।**

वृक्ष रोपौं, वन जोगाऔं

डिभिजन वन कार्यालय
नवलपरासी, (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## रविको जिम्मेवारीबोध

सधैँ चर्को भाषण, विपक्षप्रति तिखो कटाक्ष र गाली गलौज गर्दै राजनैतिक मैदानमा सशक्त उपस्थिति जनाएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको स्वर अहिले बदलिनु सकारात्मक छ । प्रतिनिधिसभाको चुनावमा झण्डै दुई तिहाई नतिजा ल्याएपछि उनले विपक्षलाई तिखो कटाक्ष होइन्, संयमित र सन्तुलित अभिव्यक्ति दिएर जिम्मेवार बनेका छन् । निर्वाचित प्रतिनिधिसभा सदस्यहरुलाई राष्ट्रिय स्वतन्त्र पार्टीले आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा उनले अराजक, अशिष्ट नबनी मर्यादित बन्न र जनताका समस्याप्रति गम्भीर बन्न सचेत गराएका छन् ।

चुनावअघि उनी आक्रामक सुनिए । चुनावी अभियानका क्रममा उनको आक्रोश झनै चुलियो । चुनावमा नतिजा आफ्नो पक्षमा आएपछि उनी विनम्र सुनिए । चुनावमा बहुमत प्राप्त गरेको दलको सभापति विनम्र सुनिनुको अर्थ हो, उनलाई जिम्मेवारीले थिचेको छ । लामिछानेले राजनैतिक दल खोलेर राजनीतिमा आएको तीन वर्ष पुग्यो । त्यसअघि उनी सञ्चारकर्ममा थिए । सञ्चारकर्ममा हुँदा उनको काम प्रश्न गर्ने थियो । राज्यसंयन्त्रमा भएका विकृति र विसंगतिप्रति निरन्तर प्रश्न गरे । त्यसपछि पार्टी खोलेर राजनीतिमा आएको छोटो समयमा चुनावमा उम्मेदवारी दिए, चुनाव जिते, उनी आफू मात्रै जितेनन्, उनको पार्टीले २० सीट जित्न सफल भयो । यही सीटको आधारमा उनी पटक-पटक सरकारमा सामेल भए । जेनजी विद्रोहपछि बदलिएको परिस्थितिमा राष्ट्रिय स्वतन्त्र पार्टीले दुई तिहाई नजिकको नतिजा ल्याएपछि अब उनले गरेका प्रश्नको उत्तर दिने ठाउँमा आइपुगेका छन् । अब अरु कसैप्रति गरेका प्रश्नको उत्तर उनी आफैँले दिनुपर्नेछ । अब उनी समस्याको उठान होइन्, समाधानको विकल्प दिनुपर्नेछ, तसर्थ उनी विनम्र बन्नु, अरुका कुरा सुन्नु र सकारात्मक बन्नु स्वभाविक छ । राज्य सञ्चालनको पार्टीको प्रमुख विनम्र बन्दा मुलुकमा राम्रो राजनैतिक संस्कारको विकास हुन्छ । आक्रोश, कुण्ठा र निराशाले व्याप्त समाजलाई सही लयमा लैजान मुलुकमा सकारात्मक सोंचाइ विकास गर्दै असल राजनैतिक संस्कारको विकास गर्न आवश्यक छ ।

विजयको उन्मादले समस्या समाधान गर्दैन, बरु उन्मादले विनाश मात्रै निम्त्याउँछ । उन्मादले निम्त्याउने विनाशप्रति सचेत हुँदै नम्र बन्न, अरु दलका नेताको योगदान र त्यागको सम्मान गर्न, नागरिकको घरदैलोमा निरन्तर पुग्न र आफ्नो निवार्चन क्षेत्रमा बजेट लैजान अनावश्यक दौडधुप नगर्न, सांसद भएपछि यही विषयसँग सम्बन्धित विषयहरू अध्ययन गर्न, सकेसम्म सरकारी अस्पतालमा उपचार गर्न, गुटबन्दी नगर्न, मिडिया ट्रायल नगर्न सांसदहरुलाई सचेत गराएर उनले प्रशंसनीय काम गरेका छन् । उनको यो प्रयासले समाजमा आशा जगाउने काम त गरेको छ, तर जागेको आशालाई व्यवहारमा कार्यान्वयन गर्दै नतिजा दिन धेरै काम गर्न बाँकी छ, त्यसका लागि दिनहुँ र हरेक पल उनको परीक्षण हुनेछ । रास्वपाको अभिमुखीकरणमा रविले सकारात्मक सन्देश दिइरहँदा भावी प्रधानमन्त्री बालेन्द्र साहको अनुपस्थितिले केही प्रश्न जन्मिएका छन् । संसदीय दलको नेता नै प्रधानमन्त्री हुने हो, संसदीय दलको नेता सांसदहरुको अभिमुखीकरणमा अनुपस्थित भएर पार्टी सभापतिले दिशानिर्देश गर्नुको जवाफ दिनुपर्छ । हरेक विषयप्रति जवाफदेही बन्न सक्दा नै जनताबाट विश्वास कायम हुनसक्छ ।

## नेप्से परिसूचक ६४ अङ्कले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बिहीबार ६४ दशमलव ६९ अङ्कले बढेर दुई हजार ८७७ दशमलव शून्य तीनको बिन्दुमा कायम भएको हो । यो दुई दशमलव ३० प्रतिशतको वृद्धि हो ।

२४० कम्पनीको शेयर मूल्य बढ्दा २२ कम्पनीको घटेको छ भने दुई वटा कम्पनी स्थिर रहेका छन् । ३४२ कम्पनीको पाँच करोड ६९ लाख २० हजार ६०८ कित्ता शेयर एक लाख ९१ हजार २५१ पटक खरिदबिक्री हुँदा रु २१ अर्ब २२ करोड ३४ लाख ९४ हजार ८८६ दशमलव ९८ को कारोबार भएको नेप्सेले जनाएको छ ।

बुधबारको तुलनामा बिहीबार कारोबार रकम पनि बढेको छ । नेप्सेका अनुसार मङ्गलबार रु १२ अर्ब तीन करोड ४४ लाख छ हजार ३२८ बराबरको कारोबार भएकामा आज रु २१ अर्ब २२ करोड ३४ लाख ९४ हजार ८८६ मा पुगेको हो ।

सबै समूहका सूचक बढेका छन् । विकास बैंक समूह सबैभन्दा बढी तीन दशमलव ९५ प्रतिशतले बढेको छ । बैंकिङ तीन दशमलव १६, फाइनान्स एक दशमलव ९४, होटल तथा पर्यटन एक दशमलव ७५, हाइड्रोपावर दुई दशमलव ३०, लगानी एक दशमलव ७७, जीवन बिमा दुई दशमलव ७६, उत्पादन तथा प्रशोधन एक दशमलव ८९, माइक्रोफाइनान्स एक दशमलव २४, निर्जीवन बिमा एक दशमलव ८०, अन्य एक दशमलव ९७ र व्यापार समूह शून्य दशमलव १४ प्रतिशतले बढेका छन् ।

कर्पोरेट डेभलपमेन्ट बैंक, साल्पा विकास बैंक, रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी नेपाल लाइफ समृद्धि लगानी योजनाको शेयर मूल्य पाँच दशमलव १२ प्रतिशतले घटेको छ ।

# राजनीतिक वितृष्णबाट नयाँ राजनीतिक संस्कारको अपेक्षा र सुशासनको यात्रा



ईन्द्रप्रसाद भुसाल




नेपालको लोकतान्त्रिक यात्राले विगत सात दशकमा अनेक उतार-चढाव पार गरेको छ । २००७ सालको प्रजातन्त्र, २०३६ सालको जनमत सङ्ग्रह हुँदै २०४६ सालको प्रजातन्त्रको पुनर्स्थापनासँगै लोकतन्त्र र २०६३ सालको गणतान्त्रिक व्यवस्थाका नाममा धेरै ऐतिहासिक परिवर्तनहरू भए । दस वर्षे जनयुद्ध तथा वृहत् शान्ति सम्झौता हुँदै नयाँ संविधानको घोषणाका पनि एकदशक बितिसके । शासन संरचनाहरू बदलिए र राज्य प्रणालीले नयाँ रूप लियो । तर यति धेरै राजनीतिक उपलब्धि र परिवर्तनपछि पनि हाम्रो राजनीति साँच्चै जनताको सेवा गर्ने माध्यम बनेको छैन । नेपालको राजनीति केही सीमित व्यक्तिहरूको कमाई खाने भाँडोमा रूपान्तरित हुँदै गएको छ भन्ने प्रश्न आम नागरिकमा उठ्नुले फाल्गुण २१ गतेको चुनावको परिणामबाट पुराना चार दशकसम्म्म राजनीतिको बागडोर समाएका दलहरूलाई गम्भीर मोडमा पुऱ्याइदिएको छ । प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको विकासका लागि लामो समय अभ्यास गर्दै गरेका राजनीतिक दलहरू किन यसरी किनारा लाग्नुपऱ्यो भन्ने जिज्ञाषा राजनीतिक दल र तिनका नेतृत्वमा छ । आम नागरिकहरू किन दल परिवर्तन नगरी मत परिवर्तन गर्नुपर्ने बाध्यातामा पुगे भन्ने कुराको उत्तर खोज्नु अब पुराना राजनीतिक दलको प्रमुख काम हो । नेपालका पुराना राजनीतिक दलहरू एक समय सङ्गठन, जनसंघर्ष र जनताको अधिकारका पक्षमा उठाएका आवाजका कारण शक्तिशाली बनेका थिए । किसान, मजदुर, विद्यार्थी, शिक्षक तथा सुकुम्बासी आन्दोलनमार्फत् उनीहरूले जनताको विश्वास जितेका थिए । राष्ट्रियता, सामाजिक न्याय र जनजीविकाका मुद्दाले पनि उनीहरूलाई व्यापक जनसमर्थन दिलाएको थियो ।

तर पछिल्लो समय उनीहरूको पतनका मुख्य कारण आन्तरिक कमजोरीमै देखिन्छन् । सत्तामा पुगेपछि धेरै नेतृत्व आफ्नै आधार वर्ग, गरिब, श्रमिक र निम्न मध्यमवर्गका समस्याबाट टाढिँदै गयो । जनताको हितका मुद्दाभन्दा सत्ता, गठबन्धन र चुनावी गणितमा केन्द्रित हुँदै जाँदा उनीहरू बिचौलिया र शक्तिशाली आर्थिक समूहसँग नजिकिए । पार्टीभित्र विचारधारात्मक बहस कमजोर भयो, सामूहिक नेतृत्वको अभ्यास केही व्यक्तिमा केन्द्रित हुन पुग्यो । सङ्गठनमा सिद्धान्तभन्दा अवसरवाद बढ्दै गयो । जीवनशैली र व्यवहारमा पनि नेताहरू जनताबाट टाढिँदै गएको अनुभूति भयो । अन्ततजसले काँधमा चढाएर सत्तामा पुऱ्याएको थियो, त्यही जनताले उनीहरूलाई अस्वीकार गर्न थाले । पुराना र ठुला राजनीतिक पार्टीहरूले पटक पटक अवसर पाउँदा पनि सुशासन र भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय उपलब्धि गर्न नसकेकाले जनतामा निराशा बढ्यो र नयाँ राजनीतिक विकल्पतर्फ आकर्षण देखियो । त्यसैले अहिले देखिएको पराजय मुख्यतः पुराना राजनीतिक दलहरू आफ्नै विचार, कार्यशैली र जनसम्बन्धबाट विचलित भएको परिणाम हो । राजनीतिक शास्त्रका अनुसार लोकतान्त्रिक शासनको सार उत्तरदायित्व, जनसहमति र मानवीय गरिमा हो । त्यसैले सङ्घीय शासनप्रणाली पनि कुनै लहडको उपज होइन, विविधता, सहभागिता र नागरिकलाई नजिकको शासन उपलब्ध गराउने वैज्ञानिक संरचना हो । लोकतान्त्रिक, गणतान्त्रिक राज्य व्यवस्थामा बहुदलीय प्रणाली कुनै वैकल्पिक व्यवस्था होइन । यो लोकतन्त्रको आधारभूत चरित्र हो । समाज विचार, वर्ग, भूगोल, संस्कृति र आर्थिक हितका दृष्टिले बहुआयामिक हुन्छ । यही विविधताको राजनीतिक अभिव्यक्ति नै बहुदलीय प्रणाली हो ।

विभिन्न राजनीतिक दल, सङ्गठन र समूहहरूको उपस्थिति लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो । दलहरू विचार, वर्गीय स्वार्थ र नीतिगत दृष्टिकोणका आधारमा सङ्गठित हुन्छन्, तिनका आफ्ना रणनीति र कार्यक्रम हुन्छन् । तर जब दलगत स्वार्थ राष्ट्रको दीर्घकालीन हितभन्दा बाहिर जान थाल्छ र नेतृत्वको जिम्मेवारी सत्ताको गणितमा सीमित हुन्छ, तब लोकतन्त्रको मूल आत्मा नै कमजोर बन्न थाल्छ ।

नेपालको राजनीतिक अभ्यासमा अहिले देखिएको सबैभन्दा ठूलो समस्या दलकेन्द्रित सत्ता र सत्ताकेन्द्रित राजनीतिक परिवेश हो । जब राजनीति जनताको जीवन सुधार गर्ने साधनभन्दा सत्तामा पुग्ने र सत्ताबाट लाभ लिने माध्यम बन्न थाल्छ, तब समाजमा राजनीतिक वितृष्णा जन्म हुन्छ । आज पुराना राजनीतिक दलहरूप्रतिनेपाली समाजमा देखिएको जनआक्रोश र निराशा कुनै आकस्मिक घटना नभइ लामो समयदेखि जम्दै आएको असन्तोषको परिणाम हो । कुनै पनि राजनीतिक दलका लागि आफ्नो सङ्गठन सुदृढ बनाउनु नेतृत्वको वैधानिक कर्तव्य हो । कार्यकर्तालाई सङ्गठित गर्नु, पार्टी अनुशासन कायम गर्नु, नीति-कार्यक्रमप्रति प्रतिबद्धता सुनिश्चित गर्नु र चुनावी प्रतिस्पर्धामा पार्टीलाई सक्षम बनाउनु नेतृत्वको जिम्मेवारी हो । तर यही प्रक्रिया जब आलोचना र भिन्न मतलाई शत्रुताको रूपमा लिने संस्कृतिमा बदलिन्छ, तब लोकतान्त्रिक अभ्यास कमजोर हुन्छ ।लोकतान्त्रिक दलभित्र बहस, तर्क-वितर्क र आलोचना स्वाभाविक प्रक्रिया हुन् । तर हाम्रो राजनीतिक अभ्यासमा असहमति राख्ने नेता वा कार्यकर्तालाई किनारामा धकेलिदिने, जिम्मेवारीबाट वञ्चित गरिने वा पार्टीबाट बाट नै निष्कासन गर्ने प्रवृत्ति अन्ततः सिङ्गो पार्टीकालागि आत्मघाती निर्णय बन्न पुग्दछन् । यस्ता किसिमकाकार्बाहीले कुनै पनि पार्टी मजबुत बन्न्न सक्दैनन् । यस्तो वातावरणमा पार्टीभित्रको ऊर्जा सकारात्मक रूपमा प्रयोग नभई चुनावका बेला घात-अन्तर्घात, निष्क्रियता र जनआधारको क्षयका रूपमा प्रकट हुन्छ ।

नेपाली राजनीतिमा देखिएको अर्को गम्भीर समस्या नेतृत्वको आत्मकेन्द्रित दृष्टि हो । चार दशकको राजनीतिक इतिहास हेर्ने हो भने प्रत्येक निर्वाचनपछि प्रधानमन्त्री बन्ने नेताहरू व्यवहारमा आफूलाई पार्टीकै प्रतिनिधि ठान्ने प्रवृत्ति देखिन्छ । औपचारिक भाषणमा जस्तो सुकै बोलिएता पनि नीति निर्माण, निर्णय प्रक्रिया र शक्ति सन्तुलनमा पार्टी, गुट र निर्वाचन क्षेत्रलाई नै केन्द्रमा राखेर काम गरेको पाइन्छ । प्रधानमन्त्री र विभिन्न मन्त्रीहरूभनेको कुनै दलको प्रतिनिधि मात्र होइनन उनीहरू समग्र देश र आम नागरिकका साझा अभिभावक भएको अनुभूति जनताले महशुस गर्ने वातावरण सृजना हुनुपर्छ । तर यो चेतना अझै नेपाली राजनीतिक संस्कृतिमा पूर्ण रूपमा स्थापित हुन सकेको छैन । प्रधानमन्त्रीको सङ्कुचित दृष्टिकोणले राज्य सञ्चालनका धेरै क्षेत्रमा असर पार्छ ।वैदेशिक नीति त्यसको स्पष्ट उदाहरण हो । वैदेशिक नीति राष्ट्रको दीर्घकालीन हित, सार्वभौमिकता, आर्थिक आवश्यकता र भूराजनीतिक यथार्थका आधारमा निर्माण हुनुपर्ने विषय हो । तर व्यवहारमा यो नीति कहिलेकाहीँ तत्कालीन सत्ता समीकरण, दलगत प्राथमिकता र व्यक्तिगत सम्बन्धको प्रभावमा परेको देखिन्छ ।यसले अन्तर्राष्ट्रिय मञ्चमा देशको विश्वसनीयता कमजोर बनाउने मात्र होइन, दीर्घकालीन कूटनीतिक हितमा पनि नकारात्मक असर पार्छ । बजेट र विकास योजनाको निर्माण प्रक्रिया पनि गम्भीर आत्मपरीक्षणको विषय बनेका छन् । नेपालको सन्तुलित विकास र दिगो विकास हासिल गर्न बजेट र योजनाले मार्गदर्शक भूमिका खेल्छन् । योजनामार्फत् देशको दीर्घकालीन लक्ष्य, प्राथमिकता र विकासका क्षेत्रहरू निर्धारण गरिन्छ भने बजेटले ती लक्ष्य कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोतको व्यवस्था गर्छ । सन्तुलित विकासका लागि भौगोलिक क्षेत्र, कृषि, उद्योग, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा समान अवसर सिर्जना गर्न बजेटलाई उचित रूपमा वितरण गर्नुपर्छ । त्यस्तै दिगो विकासका लागि प्राकृतिक स्रोतको संरक्षण, वातावरणीय सन्तुलन र सामाजिक समावेशितालाई योजनामा समेटिनुपर्छ । यसरी योजनाबद्ध नीति र जिम्मेवार बजेट व्यवस्थापनले समृद्ध, समावेशी र दीर्घकालीन विकासको आधार तयार गर्छ । बजेट राष्ट्रिय आवश्यकता, तथ्यगत अध्ययन र दीर्घकालीन विकास रणनीतिमा आधारित हुनुपर्ने हो । तर धेरैजसो अवस्थामा यो निर्वाचन क्षेत्र केन्द्रित, गुट सन्तुलन मिलाउने र अल्पकालीन लोकप्रियता हासिल गर्ने साधनमा सीमित भएको देखिन्छ । परिणामस्वरूप क्षेत्रीय र भौगोलिक असमानता बढेको छ, स्रोतको प्रभावकारी उपयोग हुन नसकेको र जनतामा विकासप्रति निराशा गहिरिँदै गएको छ ।

नेपालमा राजनीतिक वितृष्णा बढ्नुको अर्को प्रमुख कारण संवैधानिक तथा सार्वजनिक पदहरूमा हुने राजनीतिक नियुक्ति, नातावाद र कृपावाद तथा ढिलासुस्ती पनि हो । विश्वविद्यालयका उपकुलपति, प्रहरी महानिरीक्षक, महान्यायाधिवक्ता, राजदूत, योजना आयोगका उपाध्यक्ष, गभर्नर तथा संवैधानिक आयोगका पदाधिकारीहरू राज्य संरचनाका मेरूदण्ड हुन् । यस्ता पदहरूमा नियुक्त हुने व्यक्तिको योग्यता, क्षमता, निष्पक्षता र नैतिक बल अत्यन्त महत्त्वपूर्ण हुन्छ । तर व्यवहारमा यस्ता पदहरूमा नियुक्ति गर्दा राजनीतिक निष्ठा, गुठीय समीकरण र व्यक्तिगत सम्बन्ध निर्णायक बन्ने गरेका छन् । नेपालका संवैधानिक निकायहरूमा नियुक्ति गर्दा अनुभव, क्षमता र योग्यताभन्दा राजनीतिक पहुँच र दलगत निष्ठालाई प्राथमिकता दिने प्रवृत्ति देखिँदा ती संस्थाहरूको स्वायत्तता र विश्वसनीयता कमजोर बन्न थाल्छ । यस्तो अवस्थामा संवैधानिक निकायहरू निष्पक्ष र स्वतन्त्र रूपमा काम गर्ने संस्थाभन्दा पनि सत्ताको प्रभावमा चल्ने संरचनाजस्ता देखिन थाल्छन् । परिणामस्वरूप ती संस्थाहरूले आफ्नो मूल दायित्व सुशासन प्रवर्द्धन गर्ने, विधिको शासन कायम गर्ने र सार्वजनिक सेवा प्रभावकारी बनाउने जस्ता काममा प्रभावकारिता देखाउन सक्दैनन् । अझ गम्भीर कुरा अख्तियार दुरूपयोग अनुसन्धान आयोगु जस्ता महत्त्वपूर्ण कार्यालय भ्रष्टाचार नियन्त्रण र अनियमितता छानबिन गर्ने निकायहरूमा पारदर्शी बन्न्न नसक्दा जनताको विश्वास क्रमशः घट्दै जान्छ । यसरी लामो समयदेखि दोहोरिँदै आएको राजनीतिक हस्तक्षेपले संस्थागत क्षमता कमजोर पार्नुका साथै लोकतान्त्रिक शासन प्रणालीको आधारभूत मूल्यहरूलाई समेत प्रभावित पारिरहेको हुन्छ । यस्तो कमजोर संस्थागत अभ्यासको असर देशको सामाजिक,आर्थिक क्षेत्रमा पनि स्पष्ट देखिन्छ । देशभित्र व्याप्त अन्याय, अत्याचार मनपरीतन्त्र र संस्थागत भ्रष्टाचारले आजित भएका लाखौँ युवाहरू बेरोजगारी, गरिबी र अवसरको अभावका कारण विदेश पलायन भइरहेका छन् । वैदेशिक रोजगारीले केही आर्थिक राहत दिएको जस्तो देखिए पनि यसको सामाजिक असर गम्भीर बन्दै गएको छ । परिवार विखण्डन, बालबालिकामा अभिभावकीय अभाव, सामाजिक सम्बन्धको कमजोर हुँदै जानु र श्रमको सम्मान घट्नु जस्ता समस्या बढिरहेका छन् । राज्यले आफ्ना नागरिकलाई देशमै सम्मानजनक रोजगारी दिन नसक्दा वैदेशिक रोजगारी बाध्यता बनेको छ । यी सबै कारणले आज नेपाली समाजमा गहिरो राजनीतिक वितृष्णा पैदा भएको छ । जनता राजनीतिबाट टाढिँदै गएका छन्, युवा पुस्तामा निराशा बढ्दै गएको छ र परम्परागत राजनीतिक दलप्रति अविश्वास बढिरहेको छ । तर यो वितृष्णालाई केवल जनताको 'अराजनीतिकता' भनेर खारेज गर्नु ठुलो भुल हुनेछ । यो चेतावनी व्यवस्थालाई होइन, नेतृत्वको सोंच र अभ्यासलाई सुधार गर्नुपर्ने चुनौती र सङ्केत हो ।

यही सन्दर्भमा अर्को महत्त्वपूर्ण प्रश्न पनि नेपाली समाजमा उठिरहेको छ कि जनभावना र राज्य व्यवस्थाबिचको सम्बन्ध कस्तो हुनुपर्छ ? लोकतन्त्रको आधार नै जनभावना हो । राज्यका संवेदनशील विषयहरूमा खुला बहस हुनु जरूरी छ जुन लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो । नेपालमा धर्मनिरपेक्षता र हिन्दू राष्ट्रको विषयमा देखिएको बहस पनि यही सन्दर्भमा बुझ्नुपर्छ । समाजमा फरक-फरक धारणा हुनु लोकतन्त्रको कमजोरी होइन । विविधतामा एकता नै लोकतन्त्रको शक्ति हो । महत्त्वपूर्ण कुरा के हो भने जनभावनालाई दबाउने होइन, जिम्मेवार संवादमार्फत् सम्बोधन गर्ने संस्कार विकास हुनुपर्छ । लोकतन्त्रलाई स्वस्थ र प्रभावकारी बनाउन एउटा मूलभूत परिवर्तन आवश्यक छ । राजनीतिलाई कमाइ खाने भाँडो होइन, जनसेवाको माध्यम बनाउनु अपरिहार्य छ । पद, सुविधा र शक्ति प्राप्त गर्ने साधनका रूपमा राजनीतिलाई प्रयोग गर्ने संस्कारले लोकतन्त्रलाई कमजोर बनाउँछ । नेता भनेको जनताको प्रतिनिधि हुनुपर्छ, नेताले आम नागरिकका काम गर्नु पर्छ । आर्थिक, सामाजिक, नैतिक, विकासको सिद्धान्तलाई नेताले अङ्गीकार गर्नुपर्छ । जब राजनीतिक संस्कार र चेतना व्यवहारमा स्थापित हुन्छ, तब राजनीति सेवामुखी बन्दछ । यसका लागि केही संरचनात्मक सुधारहरू आवश्यक देखिन्छन् । पदमा बसेका व्यक्तिहरूलाई आजीवन विशेष सुविधा दिने संस्कारको पुनर्विचार गर्नुपर्ने आवश्यकता छ । आर्थिक रूपमा सीमित स्रोत भएको देशमा केही सीमित व्यक्तिहरूलाई जीवनभर भत्ता र विशेष सुविधा दिने प्रथाले समाजमा असमानताको भावना बढाउँछ । एउटै व्यक्ति दशकौँसम्म नेतृत्वमा रहिरहने संस्कारले पनि लोकतन्त्रको ऊर्जा घटाउँछ । नेतृत्वको नियमित नवीकरण लोकतन्त्रको स्वास्थ्यका लागि आवश्यक हुन्छ ।

पछिल्ला वर्षहरूमा नेपाली राजनीतिमा नयाँ राजनीतिक शक्तिहरू उदाएका छन् । पुराना राजनीतिक दलहरूले जनभावनाअनुसार काम नगरेकोले नयाँ शक्तिहरूप्रति जनताको आशा हुनु पनि स्वाभाविक हो । तर आशासँगै जिम्मेवारी पनि उत्तिकै ठूलो हुन्छ । यदि नयाँ शक्तिहरूले पनि पुरानै राजनीतिक शैली दोहोऱ्याए भने जनतामा निराशा झन् गहिरो हुनेछ । त्यसैले नयाँ राजनीतिक नेतृत्वले पारदर्शिता, उत्तरदायित्व र जनसेवाको मूल्यलाई व्यवहारमा देखाउनुपर्छ । यसपटकको निर्वाचन परिणाम जनताले प्रत्यक्ष कार्यकारिणीको स्वरूप दिएको अभिमत हो । यदि सिङ्गो रास्वपाले यस सन्देशलाई समयमै गम्भीरतापूर्वक मूल्याङ्कन गर्न सकेन भने त्यसबाट उत्पन्न हुने दूरगामी परिणाम भोग्न तयार रहनुपर्दछ । संविधानको संशोधनसम्म गर्न सकिने भनेर आफ्नो घोषणा पत्रमा लेखेको रास्वपाले अब यो वा त्यो बहानामा पुरानै राजनीतिक ढाँचामा चल्न छुट हुने छैन । प्रदेशको आकार सानो बनाउनेकि खारेज गर्ने , प्रतिनिधिसभाको सदस्य सङ्ख्या घटाउनेकि नघटाउने भन्ने विषयमा रास्वपाले गम्भीरतापूर्वक लिनुपर्ने जनताको आकांक्षा छ । राष्ट्रियसभा वृद्धाश्रम भयो भन्ने आरोप छ, त्यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने प्रश्न पनि एउटा गम्भीर विषय हो । संवैधानिक निकायहरूलाईपार्टीको भर्ती केन्द्र बनाइएको छ त्यसलाई स्वायत्त्व कसरी बनाउने भन्ने रास्वपाको अर्को चुनौती हो । न्यायालय , सुरक्षा संयन्त्र आर्मी, प्रहरी प्रशासनलाई कसरी स्वतन्त्र व्यवसायी र प्रभवकारी बनाउन सकिन्छ ? महङ्गी कसरी नियन्त्रण गर्न सकिन्छ, प्रशासननिक ढिलासुस्ती र बिचौलियाको बिगबिगी कसरी हटाउने ? देशभित्र लगानी कसरी बढाउने, वैदेशिक लगानी कसरी भित्र्याउन सकिन्छ, औद्योगिक विकासका साथसाथै उत्पादन र उत्पादकत्व कसरी बढाउन सकिन्छ भन्ने विषयमा अब बन्ने सरकारले रातदिन काम गर्नुपर्ने देखिन्छ । विदेश जाने जनशक्तिको लर्को रोक्दै स्वदेशमै रोजगारको वातावरण सिर्जना गर्नुको विकल्प छैन । बिजुली, पानी, सिँचाइ, यातायात तथा कृषि क्षेत्रका समस्याहरू समाधान गर्दै वित्तीय बैंकिङ क्षेत्रको लागानीमा रचनात्मक परिवर्तन गर्दै आर्थिक रूपान्तरण कसरी हुन सक्छ भन्ने कुरामा ठुलै कसरत गर्नुपर्ने देखिन्छ । वर्षौंदेखि जरा गाडेको लुटतन्त्र र भ्रष्टाचार अन्त्य नै यो सरकारसँग आम नागरिकको सबैभन्दा ठुलो माग छ । नेपाली नागरिकले यत्तिकै रास्वपालाई बहुमत दिएका होइनन् र जनताको यो अभिमत दीर्घकालीन स्थायी पनि होइन भन्ने हेक्का रास्वापले राखेर काम गर्नुपर्ने अवस्था छ ।

अन्ततः प्रश्न व्यवस्था बदल्ने मात्र होइन , नेतृत्वको सोंच र चरित्र बदल्ने हो । जबसम्म राजनीतिमा सत्ताको खेल मात्र रहन्छ, तबसम्म जनताको विश्वास पूर्ण रूपमा फर्किन सक्दैन । तर जब राजनीति सेवा, उत्तरदायित्व र नैतिकताको आधारमा सञ्चालन हुन थाल्छ, तब लोकतन्त्र वास्तवमै जनताको शासन बन्न सक्छ । बालेन्द्र साहले साना तर प्रभावकारी प्रयासहरूबाट धेरै नेपालीको मन जित्न सफल भएका थिए । Kathmandu Metropolitan City को मेयरका रूपमा उनले गरेका केही महत्त्वपूर्ण जनमुखी कामका कारण उनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा चर्चित बने । महानगरभित्रका अव्यवस्थित संरचना हटाउने, सार्वजनिक स्थान र फुटपाथलाई व्यवस्थित बनाउने, फोहोरमैला व्यवस्थापन सुधार गर्ने, नदी तथा सार्वजनिक सम्पदाको संरक्षण गर्ने, र सार्वजनिक सेवामा पारदर्शिता कायम गर्ने जस्ता पहलहरू उनले अघि सारे । साथै सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार र शिक्षामा सुधार ल्याउने प्रयास पनि गरेका थिए । यस्ता साधारण तर जनहितका कामले उनको लोकप्रियता उल्लेखनीय रूपमा बढ्यो र यही विश्वासका आधारमा आज जनताले उनलाई देशको प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्ने नेतृत्वका रूपमा हेर्न खोजेका छन् । बालेन्द्र साहको काठमाडौँ महानगरपालिकामा काम गरेको शैली र विगतका सरकारले दिन नसकेको सुशासनको वितृष्णाको विस्फोटको रूपमा आएको यो नागरिकको अभिमतलाई रास्वापले चिन्न्न जरूरी छ । नेपालको लोकतान्त्रिक भविष्य सुरक्षित बनाउन अब सत्ताको होइन, जिम्मेवारीको राजनीति आवश्यक छ । राजनीतिलाई कमाइ खाने भाँडो होइन, जनसेवाको धर्म बनाउने साहसिक निर्णय नै आजको समयको सबैभन्दा ठुलो आवश्यकता हो । पार्टी स्थापनाको लगभग तीन वर्षको इतिहासमा प्रतिनिधिसभामा २१ सिटबाट लगभग दुई तिहाईको अभिमत १८२ सिट ल्याउन सफल राष्ट्रिय स्वतन्त्र पार्टीको अबको दुष्कर राजनीतिक यात्रा सबैको चासोको विषय रहेको छ ।

(लेखक न्यू होराइजन कलेजका प्राध्यापक हुन् ।)

# तीन जिल्लाका बिरामीलाई सेवा दिँदै एक स्थानीय अस्पताल



तुलसीपुर। यहाँको राप्ती गाउँपालिकाद्वारा सञ्चालित राप्ती आधारभूत अस्पतालबाट तीन जिल्लाका बिरामी लाभान्वित भइरहेका छन्। लुम्बिनी प्रदेश राजधानीसमेत रहेको यस क्षेत्रमा सञ्चालित १५ शय्याको अस्पतालमा दाङको राप्ती, गढवा, बङ्गलाचुली गाउँपालिकासहित छिमेकी जिल्ला प्यूठान र अर्घाखाँचीका विभिन्न क्षेत्रबाट समेत बिरामी आउने गरेका छन्।

अस्पताल विकास समितिका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष प्रकाश विष्टले स्थानीय नागरिकलाई लक्षित गरी सञ्चालनमा ल्याइएको अस्पतालमा अन्य क्षेत्र र जिल्लाबाट समेत बिरामी आउने गरेको बताए। बिरामीको चाप बढी भएकाले व्यवस्थापनमा केही दबाब भए पनि नागरिकको विश्वास जित्न थालेकाले आफूहरूलाई काम गर्ने हौसला मिलिरहेको उनको भनाइ छ।

"यो अस्पताल स्थानीय नागरिकलाई लक्षित गरी सञ्चालनमा ल्याएका थियौँ, हाल दाङसहित प्यूठान, अर्घाखाँचीसम्मका नागरिकले पनि सेवा लिइरहेका छन्। यो हाम्रो सेवाप्रतिको भरोसा पनि हो।"-अध्यक्ष विष्टले भने।

अस्पतालका प्रशासन प्रमुख पृथ्वी पौडेलले यहाँबाट दैनिक एक सयदेखि डेढ सय बिरामीले सेवा लिने गरेको बताए। कुनै कुनै समयमा दैनिक दुई सयसम्म बिरामी आउने गरेको पनि उनले जानकारी दिए। "अस्पतालमा हाल चौबिसै घण्टा आपत्कालीन सेवा, बहिरङ्ग सेवा, भिडियो एक्स-रे, एक्स-रे, प्रयोगशाला, सुरक्षित गर्भपतन, आमा सुरक्षा कार्यक्रम र बिरामी भर्ना गर्ने इन्डोर सेवा सञ्चालनमा छ। यस्तै, प्रत्येक महिनाको अन्तिम शनिबार हाडजोर्नीको विशेषज्ञ सेवासमेत सञ्चालनमा छ।"-प्रशासन प्रमुख पौडेलले भने।

हाल यहाँ कन्सल्टेन्ट डाक्टर एकजना, मेडिकल अफिसर चार, स्टाफनर्स, हेल्थअसिस्टेन्ट, अहेब, अनमी पाँच/पाँच जना तथा एनेस्थेसिया असिस्टेन्ट र असिस्टेन्ट फार्मेसी एक/एक जना रहेका छन्।

यस्तै, ल्याब टेक्निसियन एक जना, ल्याब असिस्टेन्ट चार, रेडियोग्राफर दुई, अस्पताल प्रशासक र कम्प्युटर अप्रेटर एक/एक जना रहेका छन्। सेवा सहजताका लागि अक्सिजन सिलिण्डरसहितको सुविधा सम्पन्न एम्बुलेन्स पनि व्यवस्था गरिएको छ।

हाल अस्पतालमा आएका सामान्य बिरामीलाई अन्यत्र पठाउनुपर्ने अवस्था नरहेको र चाँडै शल्यक्रिया सेवासमेत सुरु गर्ने तयारी भइरहेको प्रशासन प्रमुख पौडेलले बताए। सकेसम्म विशेषज्ञ सेवा लिन टाढा जान नपरोस् भन्ने उद्देश्यले अस्पतालको सेवा विस्तार गर्न लागिएको उनको भनाइ छ।

# तीन हजार लोकल कुखुराका चल्ला वितरण



पाल्पा। तानसेन नगरपालिका-१ की कृषक रेखा गिरि बिहानै कुखुराको खोरतिर जाँदा अनुहारमा झल्किएको खुशी अहिले झन् बढ्ने भएको छ। "अब घरमै केही गर्ने आधार भेटिएको छ," उनले भनिन्-"यी चल्लाहरू हुर्काएर आम्दानी बढाउने ठूलो आशा छ।" त्यस्तै वडा-१ कै अम्बिका भारती पनि निकै उत्साहित देखिन्छिन्। उनले सानो लगानीमा घरमै बसेर आयआर्जन गर्न सकिने अवसर मिल्नु महिलाहरूका लागि ठूलो उपलब्धि रहेको बताउँछिन्। तानसेन वडा नं. ११ का सुन्दर विष्टले यस कार्यक्रमले गाउँमै रोजगारी सिर्जना गर्ने विश्वास व्यक्त गरे भने माया विष्टले महिलाहरूको आर्थिक सशक्तीकरणमा यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताइन्। सबैको साझा अनुभवले के देखाउँछ भने, स्थानीय तहको पहलले अब परिवर्तनको ढोका खोलेको छ।

पाल्पाको तानसेन नगरपालिका वडा नं. १ र ११ का कृषकहरूलाई तीन हजार लोकल कुखुराका चल्ला वितरण गरिएको छ।

तानसेन आर्थिक विकास परियोजनाअन्तर्गत कृषकहरूको मागका आधारमा यो कार्यक्रम सञ्चालन गरिएको हो। हेफर प्रोजेक्ट नेपालको आर्थिक एवम् प्राविधिक सहयोग तथा ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पाको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रमले ग्रामीण भेगका कृषकहरूलाई लक्षित गर्दै उनीहरूको आयआर्जन बढाउने, स्वरोजगार सिर्जना गर्ने र दीगो आर्थिक विकासतर्फ अग्रसर गराउने उद्देश्य रहेको छ। विशेषगरी स्थानीय जातका कुखुरा वितरणले कृषकहरूलाई दीर्घकालीन रूपमा फाइदा पुऱ्याउने अपेक्षा गरिएको छ, किनकि यस्ता कुखुरा स्थानीय वातावरणमा सजिलै अनुकूलन हुने र रोग प्रतिरोधी हुने मानिन्छ।

कार्यक्रमका तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोष लाल श्रेष्ठले कृषकहरूलाई आत्मनिर्भर बनाउने लक्ष्यसहित नगरपालिकाले विभिन्न योजनाहरू सञ्चालन गरिरहेको बताए। मासुमा आत्मनिर्भरता ल्याउन कुखुरा तथा बाख्रा वितरण, दूध उत्पादनका लागि गाई-भैंसी सहयोग, तरकारी उत्पादनका लागि बिउबिजन उपलब्ध गराउने, मौरीघार वितरण तथा कृषि औजार प्रदान गर्ने कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको उनले उल्लेख गरे। "कृषकहरू गाउँमै बसेर सम्मानजनक आम्दानी गर्न सक्षम बन्नुहोस भन्ने नगरपालिकाको लक्ष्य हो।"- उनले भने। कार्यक्रमले कृषकहरूको जीवनस्तर सुधार गर्नुका साथै समग्र नगरको आर्थिक विकासमा पनि टेवा पुऱ्याउँने बताउँदै कृषिलाई आधुनिक र व्यावसायिक बनाउन स्थानीय सरकारले निरन्तर पहल गरिरहेको उनको भनाइ थियो।

कार्यक्रमका विशिष्ट अतिथि ग्रामीण आर्थिक विकास संघ रेडा पाल्पा कार्यकारी निर्देशक लिला कार्कीले कृषकहरूको आर्थिक सशक्तीकरणका लागि संस्था सक्रिय रूपमा काम गरिरहेको बताए। उत्पादनलाई बजारसँग जोड्ने, मूल्य अभिवृद्धि गर्ने र सहकारीमार्फत् कृषकहरूलाई संगठित बनाउने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिए। उनका अनुसार यो परियोजना तानसेन नगरपालिकामा ४ करोड ५८ लाख ५ हजार ३ सय ८० रुपैयाँमा सञ्चालन भएको छ। जसमा तानसेन नगरपालिकाको ३ करोड १७ लाख १ हजार ४ सय ५२ र हेफर प्रोजेक्ट नेपालको १ करोड ४१ लाख ५१ हजार ६ सय २८ रुपैयाँ लगानी रहेको छ। २१ महिनासम्म सञ्चालन हुने यस कार्यक्रमले नगरका ११ वटै वडाका कृषकहरूलाई प्रत्यक्ष लाभ पुऱ्याउने लक्ष्य राखिएको छ।

कार्यक्रममा प्रशिक्षक अन्सु प्रधानले कुखुरा पालनसम्बन्धी प्राविधिक ज्ञान प्रदान गरेका थिए। दाना व्यवस्थापन, खोर सरसफाइ, रोग नियन्त्रण तथा उत्पादन वृद्धि गर्ने उपायबारे विस्तृत जानकारी दिँदै उनले सही तरिकाले पालन गरेमा कुखुरा व्यवसाय निकै लाभदायक बन्न सक्ने बताए। कार्यक्रम ग्रामीण आर्थिक विकास संघ (रेडा) का प्राविधिक संयोजक विष्णु रेग्मीको सञ्चालनमा सम्पन्न भएको थियो भने तानसेन वडा नं. १ का वडाध्यक्ष सुनिल बस्याल र वडा नं. ११ का वडा अध्यक्ष यादब सिं कार्कीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा स्थानीय कृषकहरूको उत्साहजनक सहभागिता देखिएको थियो, जसले कार्यक्रमप्रति विश्वास र अपेक्षा दुवैलाई स्पष्ट रूपमा झल्काएको छ।

**जेलमा...**

विशेषज्ञहरूले यस अवस्थालाई सुधार गर्न दण्डात्मक नीतिभन्दा स्वास्थ्य-केन्द्रित, मानव अधिकारमैत्री र समावेशी दृष्टिकोण अपनाउनुपर्ने आवश्यकता औंल्याएका छन्। अन्यथा, बढ्दो प्रयोगसँगै समस्या झनै जटिल बन्दै जाने चेतावनी दिइएको छ।

विज्ञहरूका अनुसार अहिलेका पुस्ताले लागुऔषध प्रयोग गर्ने कारणहरू विविध छन्। युवा पुस्ताले प्रायः रमाइलो (टीजीआइएफ संस्कृति) वा जिज्ञासाका कारण प्रयोग गर्ने गरेका छन्।

विद्यार्थीहरू लामो समयसम्म जाग्राम बस्न र परीक्षाको तयारी गर्नका लागि लागुऔषधतर्फ आकर्षित हुने प्रवृत्ति बढ्दो छ। त्यसैगरी, मजदुर तथा श्रमिक वर्गले बढी समय काम गर्न र ओभरटाइम आम्दानी बढाउन लागुऔषध प्रयोग गर्ने गरेको पाइन्छ।

वयस्कहरूको हकमा भने शारीरिक वा मानसिक पीडा कम गर्न लागुऔषध प्रयोग गर्ने प्रवृत्ति देखिन्छ। पछिल्लो समय 'सेक्सुअलाइज्ड ड्रग युज' अर्थात् यौन गतिविधिसँग जोडिएको लागुऔषध प्रयोग पनि नयाँ चिन्ताको विषय बनेको छ। यससँगै, मुलुकको सामाजिक तथा आर्थिक अवस्थाले पनि लागुऔषध प्रयोगलाई प्रभावित गरेको विश्लेषण गरिएको छ। गरिबी, रोजगारीको अभाव, सीपहीन जनशक्ति र व्याप्त भ्रष्टाचारजस्ता समस्याहरूले मानिसहरूलाई लागुऔषध प्रयोग वा यसको व्यापारतर्फ धकेल्ने अवस्थाहरू सिर्जना गरेका छन्।

यसबाहेक, कमजोर स्वास्थ्य सेवा, गुणस्तरहीन शिक्षा प्रणाली र प्रभावहीन आपराधिक न्याय प्रणालीले समस्या झनै जटिल बनाएको छ। उपचार र पुनःस्थापना सेवामा पहुँचको अभाव तथा कानुनी कठोरताले प्रयोगकर्ताहरूलाई समाजबाट अझ टाढा धकेल्ने काम गरिरहेको छ।

आस्था समूहले लुम्बिनी प्रदेशसभाका सदस्यहरुसँग लागुऔषध कानुनबारे गरेको छलफल कार्यक्रममा प्रदेशसभा सदस्यहरु भोजप्रसाद श्रेष्ठ, तुल्सीप्रसाद चौधरी, भगवती घिमिरे, जमुना ढकाल, हेमा बेल्बासे केसी, समाजवादी पार्टीका नेता पंकज राई, नेपाली कांग्रेसका नेता प्रजापाल गिरीलगायतले लागुऔषध प्रयोगकर्तालाई फौजदारी कसूरमा जेलमा राख्नेभन्दा उनीहरुलाई उपचार केन्द्रमा राख्ने वा मौखिक प्रतिस्थापन विधिबाट उपचार गराएर समाजमा पुनर्स्थापित गर्नु उत्तम विकल्प हुने विचार राखे। प्रदेशसभामा यस विषयमा आफूहरुले कानुन निर्माणमा भूमिका खेल्ने उनीहरुले प्रतिबद्धता गरेका छन्।

**एक...**

सजाय फैसला भएका त्यस्ता व्यक्तिहरु समाजमा खुलेआम घुमफिर गर्नु पनि सुरक्षा चुनौतीको रुपमा रहेकोले पक्राउ गरिएको रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक शाहीले बताए। 'फौजदारी र देवानी दुवै प्रकृतिको मुद्दामा फरार प्रतिवादीहरूलाई निरन्तर पक्राउ गरिरहेको छौं, जसका लागि हामीले अभियान नै चलाएर निर्ममताका साथ काम गरिरहेको छौं।

हामीले एक महिनाको अवधिमा फैसला कार्यान्वयनको शिलशिलामा विभिन्न मुद्दामा फरार रहेका १२ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरी ११ वर्ष ६ महिना १५ दिन कैद असुलउपर र १७ लाख १६ हजार ४८४ रुपैयाँ जरिवाना असुल उपर गराइएको छ।'-उनले भने।

एक महिनाको अवधिमा ६२ वटा जघन्य तथा गम्भीर अपराध, ५ वटा महिला बालबालिकसम्बन्धी अपराध, ३७ वटा आर्थिक अपराध गरी १ सय ४ वटा मुद्दा दर्ता भएकोमा चालु मुद्दाको ७८ जना प्रतिवादीलाई पक्राउ गरिएको छ। यस्तै ११ वटा लागुऔषधतर्फ मुद्दा दर्ता भई २१ जनालाई नियन्त्रणमा लिइएको छ।

नियमित कामसँगै जिल्लामा शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न सुरक्षा योजना बनाई जिम्मेवारी हाकी रहेका एसपीले चोरी तस्करी मात्रै होइन विभिन्न घटनाहरुको सफल अनुसन्धान गरेका छन् भने केही हुँदै गरेको बताए। भारतबाट नेपालतर्फ चोरी पैठारी गर्न लागिएको कपडा, चिनी, प्याज, कपडा, खाद्यन्न, हार्डवेयर, मोटर पार्टस्, उपभोग्य सामान तथा ओसारपसारमा प्रयोग भएका साधन समेत नियन्त्रणमा आइरहेको छ। खुला सीमा नाकाको फाइदा उठाएर हुने गरेको अवैध भन्सार चोरी पैठारीमा कडाइ गर्न कुनै कसर बाँकी नराखेको एसपीको भनाइ छ।

यस्तै रुपन्देहीका विभिन्न स्थानहरुबाट प्रकृतिक सम्पदा दोहन नियन्त्रणतर्फ अवैध गिट्टी, बालुवा, माटो उत्खनन् कार्यमा संलग्न ट्र्याक्टर २ वटा, जेसिभी २ वटा, टिप्पर ५ वटा नियन्त्रणमा लिई आवश्यक कारबाहीको सम्बन्धित स्थानीय निकायमा पठाइएको छ भने यसबाट पनि १ लाख ७० हजार जरिवाना असुल गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी कृष्णकुमार चन्दले जानकारी दिए।

यस्तै जिल्ला प्रहरी कार्यालय महिला सेलले घरेलु हिंसाका घटनालाई प्राथमिकताका साथ सम्बोधन गरेको छ। बालबालिका तथा जेष्ठ नागरिकसम्बन्धी आएकोमा ४४ वटा उजुरी आएकोमा ३५ वटा मिलापत्र भएको छ।

कार्यालयका अनुसार जिल्ला भर एक महिनाको अवधिमा १५ जनाले झुण्डीएर, ३ जनाले विष सेवन गरी १८ जनाले आत्महत्या गरेका छन्।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)**

## बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०६ गते)

यस कार्यालयको आ.व. २०८२/०८३ मा आपूर्ति समितिको पूंजीगत खर्च तर्फका कार्यक्रमहरु अन्तर्गत बडेरामा नव निर्मित भवन माथि ट्रस निर्माण कार्य सम्पन्न गर्नका लागि निर्माण कम्पनीहरुबाट ई विडिङ्ग (e– bidding) मार्फत बोलपत्र आवह्वान गर्ने सम्बन्धमा ईच्छुक निर्माण व्यवसायी, फर्म वा कम्पनीहरुबाट प्रचलित कानुनको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ। बोलपत्र सम्बन्धी विस्तृत सूचना यस कार्यालयको सूचनापाटी तथा वेवसाइट https://dfoparasi.lumbini.gov.np/ मा राखिएको छ। थप जानकारीका लागि www.bolpatra.gov.np वा यस कार्यालयको फोन नं. ०७८-५२०८५५ मा सम्पर्क गर्न सकिने छ।

**बोलपत्र सम्बन्धी कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | रकम रु.(भ्याट र कन्टिन्जेन्सी रकम बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | DFO-NAW/Works/NCB/2082-083/05 | Wooden Truss Construction Over Newly Constructed Building at Badera, Sunwal-13, Nawalparasi(Ba.Su.Pa) | २५,८९,८१२/०२ | ७५,०००/- | ३,०००/- |

**सिनियर डिभिजनल वन अधिकृत**

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**पृथ्वी चन्द्र अस्पताल**
परासी, नवलपरासी (ब.सु.प.)

## विद्युतीय शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धित सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/१२/०६ (२०-०३-२०२६)

यस पृथ्वी चन्द्र अस्पताल, परासी, नवलपरासी (ब.सु.प.) को लागि आ.व. २०८२/८३ मा आवश्यक पर्ने तपशिलमा उल्लेखित खरिद कार्य गर्नुपर्ने भएकाले इजाजत प्राप्त उत्पादक कम्पनी/फर्म/आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपुर्वक विद्युतीय शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

योग्यता पुगेका इच्छुक दरभाउपत्रदाताले तपशिलका खरिद कार्यका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp बाट दरभाउपत्र डाउनलोड गरि तपशिलको राजश्व खातामा जम्मा गरेको भौचर तथा आवश्यक कागजातहरु Scan गरि ठेक्का नं PCH/G/SQ-०६/०८२/८३ को मिति २०८२/१२/२२ (०५-०४-२०२६) गते दिनको १२:००बजे सम्म पेश (Submit) गर्नुपर्नेछ। पेश भएका दरभाउपत्रहरु २०८२/१२/२२ (०५-०४-२०२६) गते १४:०० बजे खोलिनेछ। विस्तृत सूचना तथा जानकारीको लागि PPMO को e–GP पोर्टल bolpatra.gov.np/egp मा तथा कार्यालयको वेबसाईटमा हेर्नुहुन र यस अस्पतालमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा सूचीत गरिन्छ।

**तपशिलः**

| IFBNo. | Description | Price of Bid Document | Bid Security | Remarks |
|---|---|---|---|---|
| PCH/G/SQ-06/082/83 | Procurement of Rasan for Indoor Patients of Hospital. | 1000.00 | 35,000.00 | |

**कार्यालय प्रमुख**

## वनपैदावार लिलाम बिक्री सम्बन्धि सूचना।

प्रथम पटक प्रकाशित सुचना २०८२/१२/०६

डिभिजन वन कार्यालयको च.नं. १५२७ र १६२७ मिति २०८२ / ११ / २६ र २०८२/१२/०४ गतेको लिलाम सहमति अनुसार यस सा.व.उ.स. को स्वीकृत कार्ययोजना अनुसार चालु आ.व.मा उत्पादन भई सुनवल १० शिवमन्दिर टोलमा घाटगद्धी भएको साल समेत गोलिया थान ३६१ को ३१८२.८२ क्यु.फि. काठ समुह बाहिर लिलाम बिक्री गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ। प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

**मधु समुदायिक वन उपभोक्ता समिति**
**सुनवल १० नवलपरासी (ब.सु.प.)**

## श्री माध्यमिक विद्यालय बुटहनिया

**महाराजगंज न.पा.-६, सानो बुटहनिया कपिलवस्तु**
**मो. नं.: ९८५७०५१५०५ ९८०४४३०८०९**

## नगर स्वयंसेवक शिक्षक पदपूर्ति सम्बन्धी विज्ञापन सम्बन्धमा।

मिति : २०८२ / १२ / ०६

यस श्री माध्यमिक विद्यालय बुटहनिया महाराजगंज नगरपालिका ६ सानो बुटहनियामा महारागंज नगरपालिको मिति २०८२।०५।०३ गतेको चलानी नं. २४० प्राप्त पत्रानुसार यस विद्यालयको वि.व्य.स. को मिति २०८२।१२।०३ गतेको निर्णयानुसार तपसील बमोजिम योग्यता पुरा भएका इच्छुक नेपाली नागरिक उम्मेदवार बाट दरखास्त आह्वान गरिन्छ।

**आवश्यक शर्तहरु**

१. **विज्ञापन नं.**: ०१।०८२२०८३ २. **पद** : नगर स्वयंसेवक शिक्षक ३. **तहः** मा.वि.
४. **विषय** : नेपाली ५. **सख्या** : १ (एक)
६. **न्यूनतम शैक्षिक योग्यता** : सम्बन्धित विषयमा ( वि. एड वा सो सरह ) ७. **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८. **दरखास्त दस्तुर** : १००० (एक हजार मात्र ) ९. **विज्ञापन मितिः** २०८२।१२।०३
१०. **दरखास्त दिने अन्तिम मिति** : २०८२।१२।१७ अपरान्ह ४ बजे सम्म
११. **सम्पर्क मितिः** २०८२।१२।१७ गते ४:०० बजे पछि १२. **परीक्षा मितिः** परीक्षा मिति सम्पर्क मितिको दिन तोकिनेछ।
१३. **परीक्षा किसिमः** लिखित तथा अन्तर्वार्ता
१४. **दरखास्त दिने स्थान** : श्री माध्यमिक विद्यालय बुटहनिया महाराजगंज नगरपालिका ६ सानो बुटहनिया
१५. **तलब स्केलः** नियमानुसार।
१६. **दरखास्त साथ पेश गर्नू पर्ने कागजातहरुः-** क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि थान - १ ख) शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि थान - १ ग) स्थायी अध्यायन अनुमति पत्रको प्रतिलिपि थान - १

**प्रधानाध्यापक**

## बुटवल उपमहानगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**
**बुटवल, रुपन्देही,**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति :- २०८२/१२/०६)**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८२।११।०१ मा प्रकाशित देहायको कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार म्यादभित्र दर्ता हुन आएका तपशिल बमोजिमको बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत हुने प्रकृयामा रहेको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना | कबोल अंक भ्याट सहित |
|---|---|---|---|
| 06/082-083/BSMC/IDD/Works/NCB | बुटवल उपमहानगरपालिका वडा नं. ९ बहुआयामिक वडा भवन निर्माण कार्य | बसन्त कन्स्ट्रक्सन, बुटवल-७, रुपन्देही | रु.५७,७५,६२१।६२ |

**खरिद इकाई**
**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# आफूलाई सुधार्दै अघि बढ्यौं



टेकराज पौडेल

भर्खर सम्पन्न निर्वाचनले नेपालको राजनीतिक समीकरणलाई एकाएक उल्ट्याइदिएको छ। नयाँ शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी सत्ताको केन्द्रतर्फ उन्मुख हुँदा परम्परागत दलहरू–विशेषतः नेकपा एमाले, नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र मधेशवादी दलहरू समेत-अप्रत्यासित रूपमा कमजोर बनेका छन् । लोकतन्त्रमा जनादेश नै अन्तिम सत्य हो। त्यसैले यो परिणामलाई भावनात्मक प्रतिक्रिया वा आरोप-प्रत्यारोपको आँखाले होइन, गम्भीर आत्मसमीक्षा र राजनीतिक विश्लेषणको दृष्टिले बुझ्नु आवश्यक छ। नेपाल अहिले जटिल भूराजनीतिक वातावरणको बिचमा उभिएको देश हो। विश्व शक्तिहरूको प्रतिस्पर्धा, कूटनीतिक प्रभाव, आन्तरिक सत्ता संघर्ष, आर्थिक असन्तोष र नयाँ पुस्ताको राजनीतिक अपेक्षा-यी सबै तत्वहरूले अहिलेको राजनीतिक परिणामलाई आकार दिएका छन्। यससँगै डिजिटल युगले राजनीतिमा नयाँ आयाम थपेको छ, जहाँ वास्तविकता भन्दा 'धारणा निर्माण' (Narrative Building) कहिलेकाहीँ अझ शक्तिशाली बन्न पुगेको छ।

एमालेको हार : बाह्य कारण मात्र होइन, आन्तरिक कमजोरी पनि हो :- कुनै पनि राजनीतिक पराजयको जड अन्ततः आफ्नै कमजोरीमा खोज्नुपर्छ। एमालेको हारलाई केवल बाह्य प्रचारयुद्ध, डिजिटल आक्रमण वा षड्यन्त्रको परिणाम मात्र ठान्नु अपूरो विश्लेषण हुनेछ। ती तत्वहरू प्रभावकारी अवश्य थिए, तर पार्टीभित्रका संरचनागत कमजोरीहरू र संस्थागत हुनु पर्ने निर्णय पनि उत्तिकै जिम्मेवार देखिन्छन्। एमालेका अध्यक्ष केपी शर्मा ओली राष्ट्रवाद, स्वाभिमान र राष्ट्रिय हितको प्रश्नमा दृढ अडान लिने नेता हुनुहुन्छ। "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय दृष्टि पनि उहाँकै नेतृत्वमा स्थापित भएको हो। राष्ट्रिय स्वाभिमानका मुद्दामा उहाँले देखाएको साहसिक अडानले एमालेको राजनीतिक पहिचानलाई सुदृढ बनाएको तथ्य अस्वीकार गर्न सकिँदैन। तर यति बलियो इतिहास बोकेको पार्टी पछिल्लो समय किन निरन्तर राजनीतिक धक्काहरू भोगिरहेको छ भन्ने प्रश्नको इमानदार समीक्षा अपरिहार्य छ। पछिल्ला वर्षहरूमा पार्टीभित्र निर्णय प्रक्रिया अत्यधिक केन्द्रीकृत भएको, उम्मेदवार चयनमा संस्थागत छलफलभन्दा नेतृत्वको तजबिज प्रभावशाली भएको आलोचना व्यापक रूपमा उठेको छ।

लामो समयदेखि पार्टी निर्माणमा योगदान दिएका कार्यकर्तालाई पाखा लगाएर नवप्रवेशीलाई प्राथमिकता दिने प्रवृत्ति र टिकट नपाएकाहरूलाई अपमानित महसुस हुने वातावरण सिर्जना हुनु संगठनात्मक दृष्टिले स्वस्थ संकेत होइन। कम्युनिस्ट आन्दोलनको मूल आधार सामूहिक नेतृत्व र लोकतान्त्रिक अभ्यास हो। तर व्यवहारमा गुटबन्दी, कृपावाद र व्यक्तिगत निष्ठालाई प्राथमिकता दिने प्रवृत्ति बढ्दै गएको आरोप कार्यकर्ता पंक्तिमै सुनिन्छ। कतिपय अवस्थामा क्षमता र योगदानभन्दा "आफ्नो मान्छे" निर्माण गर्ने संस्कार बलियो भएको देखिन्छ। महाधिवेशनदेखि संगठन विस्तारसम्म प्यानल राजनीति र गुटीय प्रतिस्पर्धाले पार्टीभित्रको ऊर्जा सकारात्मक दिशातर्फ केन्द्रित हुन सकेको छैन। सामाजिक असन्तोषका संकेत-यस निर्वाचनमा एमालेले बौद्धिक तथा शैक्षिक क्षेत्रबाट अपेक्षित समर्थन प्राप्त गर्न सकेन। लामो समयसम्म चलेको शिक्षक आन्दोलनप्रति सरकारको कठोर भाषा र बेवास्तापूर्ण व्यवहारले शिक्षक तथा बौद्धिक वर्गमा असन्तोष बढाएको थियो। यस्ता वर्गहरू तुरुन्त प्रतिक्रिया नदिए पनि समय आउँदा राजनीतिक रूपमा आफ्नो असन्तोष प्रकट गर्छन्। त्यसैगरी गुठी विधेयकको प्रसंग पनि स्मरणीय छ। काठमाडौं उपत्यकाको सांस्कृतिक र धार्मिक संरचनासँग प्रत्यक्ष सम्बन्धित विषयमा पर्याप्त संवादबिना विधेयक ल्याइँदा व्यापक विरोध भयो। सरकार अन्ततः विधेयक फिर्ता गर्न बाध्य भयो, तर त्यसले सिर्जना गरेको अविश्वास पूर्णरूपमा मेटिएको देखिँदैन।

डिजिटल राजनीति र डायस्पोराको प्रभावः-आजको राजनीति केवल सभामञ्चमा सीमित छैन। फेसबुक, युट्युब, टिकटकजस्ता डिजिटल प्लेटफर्महरू एल्गोरिदमद्वारा सञ्चालित छन्, जसले विवादास्पद वा भावनात्मक सामग्रीलाई तीव्र गतिमा फैलाउँछन्। परिणामस्वरूप तथ्यभन्दा धारणा निर्माण राजनीतिक प्रतिस्पर्धाको प्रमुख माध्यम बन्दै गएको छ। संगठित डिजिटल अभियान, ट्रोल संस्कृति र लक्षित प्रचारले जनमतलाई छिटो प्रभावित गर्न सक्छ। संगठनात्मक संरचनामा आधारित परम्परागत दलहरूले यो नयाँ डिजिटल युद्धक्षेत्रलाई समयमै आत्मसात गर्न नसक्दा जनमत निर्माणको प्रतिस्पर्धामा पछि परेको देखिन्छ। यससँगै विश्वभर फैलिएको नेपाली डायस्पोरा समुदाय पनि अहिले नेपालको राजनीतिक बहसमा सक्रिय सहभागी बनेको छ। सामाजिक सञ्जालमार्फत् हुने अभियान, विचार निर्माण र राजनीतिक टिप्पणीहरूले देशभित्रको वातावरणलाई प्रभावित पारिरहेका छन्। एनआरएन नागरिकता, विदेशबाट मतदानको अधिकार, वैदेशिक रोजगारीका समस्याहरू जस्ता मुद्दाहरू लामो समयसम्म समाधान हुन नसक्दा डायस्पोराको ठूलो हिस्साले परम्परागत दलहरूप्रति निराशा व्यक्त गरेको देखिन्छ।

विचार र व्यवहारबिचको दूरीः- नेपाली कम्युनिस्ट आन्दोलनको वैचारिक आधार बलियो छ। जननेता मदन भण्डारीले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवादले कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रिक अभ्याससँग जोड्दै जनतामाझ स्थापित गरेको थियो। तर पछिल्लो समय विचार र व्यवहारबिच दूरी बढेको आलोचना बढ्दै गएको छ। पार्टीभित्र त्याग र बलिदान गरेका कार्यकर्ताभन्दा नेताका नजिकका व्यक्तिहरूले बारम्बार अवसर पाउने, क्षमतावान कार्यकर्तालाई पाखा लगाइने, र नेतृत्व नै दलाल तथा बिचौलियाहरूको घेराबन्दीमा परेको देखिने जस्ता घटनाहरूले आन्दोलनको नैतिक बल कमजोर बनाएको छ। त्यसमाथि केही नेताहरूको जीवनशैली–महँगा होटल, महँगा गाडी र शक्ति प्रदर्शन–साधारण कार्यकर्ता र जनताको मनोविज्ञानसँग मेल नखाने देखिन्छ। कम्युनिस्ट आन्दोलनको मूल दर्शन सादगी र जनसरोकारमा आधारित हो; तर व्यवहार त्यसको विपरीत देखिँदा जनविश्वास डगमगाउन थाल्छ। सुधारको बाटोयस अवस्थाबाट बाहिर निस्कने एक मात्र बाटो इमानदार आत्मसमीक्षा हो। नेतृत्वले निर्णय प्रक्रियालाई अझ सामूहिक, पारदर्शी र संस्थागत बनाउनुपर्छ। आलोचना र बहसलाई दमन गर्ने होइन, सुधारको साधनका रूपमा स्वीकार गर्ने संस्कार विकास गर्नुपर्छ।

त्यसैगरी कार्यकर्ताले पनि आफ्नो जिम्मेवारी बुझ्नुपर्छ। चुनावका बेला अन्तर्घात गर्ने, संगठनात्मक निर्णय नमान्ने, व्यक्तिगत स्वार्थका लागि गुट निर्माण गर्ने प्रवृत्तिले आन्दोलनलाई कमजोर बनाउँछ। कार्यकर्ता फेरि जनताको बीचमा फर्किनुपर्छ-गाउँ, टोल र समाजको वास्तविक पीडा बुझ्नुपर्छ। राजनीतिमा हार अन्तिम सत्य होइन। हारबाट सिक्ने क्षमता नै भविष्यको विजयको आधार हो। एमालेजस्तो ऐतिहासिक आन्दोलनले आत्मसमीक्षा, संगठनात्मक शुद्धीकरण र वैचारिक पुनर्जागरणको बाटो समातेमा पुनः उभिने सम्भावना अझै समाप्त भएको छैन। प्रश्न एउटै छ-के हामी आफ्ना कमजोरी स्वीकार गरेर फेरि उठ्ने साहस राख्छौँ ?

# डेंगी तथा जापानिज इन्सेफलाइटिसका बिरामी बढ्दै

कृष्ण पोखरेल

पाल्पा

पाल्पामा डेंगी तथा जापानिज इन्सेफलाइटिसका रोगीहरु बढ्दै गएका छन् । स्वास्थ्य कार्यालय पाल्पाले किटजन्य रोगहरुको परीक्षण कार्य शहरदेखि गाउँ गाउँमा पुऱ्याएपछि रोगीहरुको संख्यामा वृद्धि भएको हो । विगत ४ वर्षको अवधिमा पाल्पामा १ हजार ३ सय २७ जनामा डेंगी सक्रमण भएको र ५ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ ।

सन २०२१ देखि २२ मा डेंगीका १६ जना बिरामी रहेकोमा सन २०२२ देखि २३ सम्म २३१ जना, २०२३ देखि २४ सम्म ६६६ जना र सन २०२४ देखि २५ मा ४१४ जना बिरामी रहेका थिए। सन २०२३ देखि २४ मा ४ जना पाल्पा र १ जना बाहिरी जिल्ला गरी ५ जनाको डेंगीबाट मृत्यु भएको स्वास्थ्य कार्यालय पाल्पाका वरिष्ट ल्याव टेक्निसीयन अधिकृत मधुसुधन भट्टराईले बताए।

गर्मीयाम सुरु भएसँगै डेंगी तथा जापानिज इन्सेफलाइटिस जस्ता लामखुट्टेबाट सर्ने सरुवा रोगको जोखिम बढ्दै गएकोले समयमै रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य कार्यालय पाल्पााले सरोकारवाला निकायसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम गरेको छ । स्वास्थ्य कार्यालयका वरिष्ट ल्याव टेक्निसियन अधिकृत मधुसुधन भट्टराईले डेंगी मुख्यतः एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ, जुन सफा पानी जमेको स्थानमा बढी फैलिने बताए। उनले डेंगी लागिसकेपछि उच्च ज्वरो, टाउको दुख्ने, आँखाको पछाडि दुखाइ, शरीर दुख्ने तथा केही अवस्थामा रगत बग्ने जस्ता गम्भीर लक्षण देखिन सक्ने जनाए। घरवरिपरि सफा राख्ने, पानी जम्न नदिने, डेंगीको लक्षण देखिएपछि तुरुन्त स्वास्थ्य संस्थामा जान ल्याव अधिकृत भट्टराईले आग्रह गरे।



विगत ४ वर्षको अवधिमा पाल्पामा जापानिज इन्सेफलाइटिसबाट १ जनाको मृत्यु भएको छ। सन २०२५ मा ४ जनामा यो रोग देखिएको छ। रैनादेवी छहरा गाउँपालिकामा १ जना, तिनाउ गाउँपालिकामा १ जना, बगनासकाली गाउँपालिकामा १ जना र रामपुर नगरपालिकामा १ जनामा जापानिज इन्सेफलाइटिस रोग देखिएको स्वास्थ्य कार्यालय पाल्पाका क्षय कुष्ट रोग अधिकृत विश्वनाथ न्यौपानेले बताए। जापानिज इन्सेफलाटिसे रोग पनि लामखुट्टेको टोकाइबाट सर्ने र विशेषगरी धानखेती हुने क्षेत्र तथा खेतिपाती हुने स्थानका मानिसहरू बढी जोखिम रहेको बताए।

घरपालुवा जनावर सुगुर बंगुर, हाँस, बकुल्लालगायतका जनावरमा हुने जापानिज इन्सेफलाइटी भाइरस लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने गर्दछ। यो रोगले मस्तिष्कमा असर गर्ने भएकाले ज्वरोसँगै टाउको दुख्ने, बान्ता हुने, बेहोस हुने तथा स्नायु प्रणालीमा समस्या देखिने जस्ता लक्षणहरू देखा पर्न सक्ने र समयमै उपचार नपाएमा अपाङ्गता वा मृत्यु समेत हुन सक्ने भएकाले यसको रोकथाममा विशेष ध्यान दिन आवश्यक रहेको क्षयरोग तथा कुष्ठरोग अधिकृत न्यौपानेले बताए। अहिले नेपालका ६० जिल्ला यो रोग फैलिएको छ। सन २०१६ देखि नेपाल सरकारले यो रोगबाट बच्न जन्मेको एक वर्षमा निःशुल्क खोप सेवा दिँदै आएको छ। सन २०१६ भन्दा पहिले जन्मिएका व्यक्तिहरुमा जापानिज इन्सेफलाईटिस सक्रमणको दर उच्च रहेको छ।

सरुवा रोग नियन्त्रणका लागि सचेतना, सावधानी र समुदायस्तरमा जागरण अत्यन्त महत्वपूर्ण रहेको, घर वरपर पानी जम्न नदिने, लामखुट्टेको बासस्थान नष्ट गर्ने, विस्तरामा झुलको प्रयोग गर्ने तथा सरसफाइमा ध्यान दिने जस्ता उपाय अपनाएर लामखुट्टेको टोकाइबाट लाग्ने रोग नियन्त्रण गर्न सकिने स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुकप्रसाद पोखरेलले बताए।

अबका दिनमा जिल्लाको १० वटै पालिका सरकारसँग समन्वय र सहकार्य गरेर , ८१ वटै वडा, विद्यालय, विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रदेखि घर घरमा लामखुट्टको फूल लार्भा खोज र नष्ट गर अभियानसंगै लामखुट्टको टोकाइबाट बच्ने र बचाउने सचेतनाका कार्यक्रम सञ्चालन गरिने स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ।

# प्रथम बटौली कप क्रिकेटमा भारतका टीम पनि

भैरहवा । चैत्र ७ देखि भैरहवामा 'प्रथम बटौली कप-२०८२ टी-२० क्रिकेट प्रतियोगिता हुने भएको छ । पृथ्वीनारायण शाह स्पोर्टस् प्रतिष्ठानको आयोजना, रुपन्देही क्रिकेट संघको व्यवस्थापन र बुटवल उप-महानगरपालिकाको सहयोगमा प्रतियोगिता हुन लागेको हो । आयोजकले बिहीबार पत्रकार सम्मेलन गरी यसबारे जानकारी गराएका हुन् ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा चैत्र १४ गतेसम्म चल्ने प्रतियोगितामा रुपन्देही र भारतका गरी १६ टीम सहभागी हुनेछन् ।

प्रतियोगिताभर कुल १५ खेल हुने र भारतबाट दुई टिमले सहभागिता जनाउने रुपन्देही क्रिकेट संघका कोषाध्यक्ष समेत रहेका पृथ्वीनारायण शाह स्पोर्टस्का संयोजक निरजपैताप खाँणले जानकारी दिए।

आयोजकका अनुसार प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, उप-विजेताले नगद २५ हजारसहित मेडल, म्यान अफ द सिरिजले ट्रफी र १० हजार, बेष्ट बलर र ब्याटरले ट्रफी र जनही ५ हजार तथा प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिता सम्पन्न गर्न करिब ३ लाख रुपैयाँ खर्च लाग्ने खाँणले बताए।

प्रतियोगितामा एमएसएमटी सी.ए. नौतनवा, भारत, न्यू होराइजन क्रिकेट क्लब, लुम्बिनी शाक्यन क्रिकेट क्लब, रेस्पोन्स टीम लुम्बिनी, नेपथ्य तिलोत्तमा एकेडेमी, बुटवल-११ क्रिकेट क्लब,




बुटवल गोलपार्क क्रिकेट क्लब, स्टार क्रिकेट एकेडेमी, खुकुरी क्रिकेट क्लब, जे.आर. क्रिकेट एकेडेमी, पाल्पा-११, मास्टर्स-११, बुद्ध क्रिकेट ६ स्पोर्टिङ क्लब, तिरुपति क्रिकेट क्लब, बुटवल युथ र जेएन स्पोर्टस् गोरखपुर भारत गरी १६ टीम सहभागी हुने छन् ।

# व्यावसायिक कृषिका लागि भूमि ऐन संशोधनको तयारी

बुटवल । सरकारले ठूला लगानी भित्र्याउन र निजी क्षेत्रलाई प्रोत्साहित गर्न विद्यमान कानुनी बन्देजहरू फुकाउने तयारी गरेको छ।

बुधबार नागरिक लगानी कोषको ३६औं वार्षिकोत्सवलाई सम्बोधन गर्दै अर्थमन्त्री रामेश्वर खनालले व्यावसायिक कृषि र खानी उत्खननमा रहेको प्रचुर सम्भावनालाई मूर्तरूप दिन भूमि ऐनलगायतका कानुनमा संशोधन गर्न लागिएको जानकारी दिएका हुन्।

हालको कानुनी व्यवस्थाअनुसार पहाडमा ७०-७२ रोपनी र तराईमा ५ बिघाभन्दा बढी जग्गा राख्न नपाइने हदबन्दीका कारण ठूलो स्तरमा व्यावसायिक कृषि (कमर्सियल फार्मिङ) गर्न सम्भव नभएको भन्दै उनले यसलाई संशोधन गर्न लागिएको बताए।

यसैगरी, माइनिङ (खानी) क्षेत्रमा पनि ठूलो सम्भावना रहेको, तर वातावरणीय प्रभाव मूल्यांकन (इआइए), रुख कटानीको स्वीकृति र वनको क्लियरेन्स जस्ता झन्झटिला प्रक्रियाले लगानीकर्ता निरुत्साहित भएको उनले स्वीकार गरे। यसलाई मध्यनजर गर्दै वर्तमान सरकारले नियमावलीमै संशोधन गरेर वातावरणीय स्वीकृति प्रक्रियालाई सरलीकरण गरिसकेको र यसले निजी क्षेत्रमा हौसला बढाएको उनले दाबी गरे।

उनले भने-'अहिले रहेका कतिपय बन्देजहरू फुकाउने क्रममा अहिलेकै सरकारको पालामा पनि एक-दुई वटा बन्देजहरू फुकाइयो र केही अरू बन्देजहरू फुकाउन बाँकी छ। जसमध्येमा भूमि ऐनमा गर्न खोजिएको संशोधनले ठूला लगानीहरूको निमित्त लगानी गर्नको निमित्त एक हदसम्म बाटो खुल्छ। त्यसमध्येमा हाम्रो प्रचुर सम्भावना भएको भन्छौँ। व्यावसायिक कृषि खेती गर्नको निमित्त कमर्सियल स्केलमा ठूलो स्केलमा फार्मिङ गर्नको निमित्त एक बिघा दुई बिघा अहिलेको जुन सीमा छ ७०-७२ रोपनीभन्दा बढी पहाडमा पाइँदैन, तराईमा ५ बिघाभन्दा बढी पाइँदैन। अनि कसरी कमर्सियल फार्मिङ हुन्छ? त्यसमा पनि कृषि प्रयोजनको निमित्त मात्रै यदि हामीले सोच्न सक्यौं भने त्यहाँ पनि लगानीको नयाँ ढोकाहरू खुल्न सक्छ। माइनिङमा हाम्रो स्कोप छ। जहाँ हामीले लगानीको ढोका खोल्न सक्छौं जसको निमित्त अहिले रहेका कतिपय वातावरणीय वातावरणीय प्रभाव मूल्याङ्कन, रूख कटानीको स्वीकृति, वनको क्लियरेन्स जस्ताकुराहरूमा सरलीकरण गर्ने काम अहिले नै पनि नियमावलीमा गरियो। त्यसले पनि अलिकति हौसला निजी क्षेत्रमा देखाएको छ। एक-दुई बिघा जग्गामा कसरी कमर्सियल फार्मिङ हुन्छ ? कृषि प्रयोजनका लागि मात्रै भए पनि हदबन्दीको सीमामा पुनर्विचार गर्नसक्यौं भने लगानीको नयाँ ढोका खुल्नेछ।'

ठूला आयोजनाहरू अब विशुद्ध निजी क्षेत्रबाट र सार्वजनिक-निजी साझेदारीको माध्यमबाट अगाडि बढाउनुपर्ने बाध्यता रहेको भन्दै उनले लगानीको वातावरण बनाउन सरकारले थप बन्देजहरू फुकाउँदै जाने स्पष्ट पारे।

स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं।
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं।
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमित रूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं।
- नियमित स्वास्थ्य परीक्षण गराऔं।
- स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार विज्ञापन बोर्ड







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com